❧ १ ☙

*[संवत् २०५६ सालको पुरस्कार 'जगदम्बा-श्री' 'नेपाली शिक्षा परिषद्'लाई र सोही सालको 'मदन पुरस्कार' 'अतिरिक्त अभिलेख' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री दिनेश अधिकारीलाई समर्पण गर्न संवत् २०५७ साल आश्विन १३ गते रोज ६ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन । यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १६४ बाट उद्धृत गरिएको हो । स्मरणीय छ, नेपाली शिक्षा परिषद्लाई प्रदान गरिएको पुरस्कार त्यसका सदस्य-सचिव श्रीमती रमा शर्माले ग्रहण गर्नुभएको थियो ।]*

अध्यक्ष महोदय, उपस्थित श्रद्धेय महिला तथा सज्जनवृन्द !

अब आयो मेरो पालो- यहाँहरू सबैलाई धन्यवाद टक्र्याउने । दसैंको मौकामा पनि कष्ट गरी पाल्नुभयो, त्यसका लागि मुरी-मुरी धन्यवाद छ । गुठीका तर्फबाट र मेरो आफ्नो तर्फबाट पनि यहाँहरू सबैलाई दसैंको हार्दिक मङ्गलमय शुभकामनाचाहिँ टक्र्याइहालूँ ।

गुठीको तथ्याङ्क दिनुपर्छ भनेर अध्यक्षज्यूले पहिले नै मलाई भनिदिएको भए म गुठीको प्रतिवेदन नै पढ्ने थिएँ । तर हाम्रा परम्परामा सदस्य-सचिवले धन्यवाद दिने मात्र भएकाले म त्यतापट्टि लाग्दिनँ । यसै पनि हाम्रो गुठीको सबै विवरण मुद्रित रूपमा नै यस कार्यक्रमसँग बाँडिने हुनाले मैले बढी बोलिरहन पर्दैन । एउटा कुरा तैपनि भन्न मन लाग्यो । त्यो के भने गुठीले दिने पुरस्कार अध्यक्षज्यूका इच्छानुसार दिइन्छ या त नदिने गरिन्छ भन्ने भ्रम यहाँ कतै-कतै परेको देखिन्छ त्यो कुरा सत्य होइन । पुरस्कार दिन अथवा नदिन अध्यक्षज्यूले एक प्रतिशतजति पनि रोल खेल्न पाएको म देख्तिनँ । त्यो होस् ।

सर्वप्रथम त, सबैको दृष्टि आजका दुइटा थ्यौलामाथि परेको छ । पचासौं जन्मोत्सव मनाइरहेको बेला नेपाली शिक्षा परिषद्लाई हामी 'जगदम्बा-श्री' टक्र्याउन पुगेछौं- नेपाली भाषाको सर्वतोमुखी विकासको लागि अति उच्च आदर्श लिएर २००८

सालमा स्थापना भएको नेपाली शिक्षा परिषदले पहिले त नेपाली भाषालाई नै उच्चतम शिक्षाको पनि माध्यम बनाउने प्रयास गऱ्यो, अनि ख्यातनामा कविहरूको जयन्ती मनाउने, जीवित कविलेखकहरूको अभिनन्दन गर्ने, भानु-पुरस्कार, असीम-पुरस्कार आदि स्थायी पुरस्कारको स्थापना गर्ने, प्रसिद्ध कविहरूको प्रतिमा खडा गर्ने, नेपाली वाङ्मयका स्रष्टाहरूको यथासम्भव हर तरहले सत्कार, मान, पूजा गर्ने गरेर आफ्नो पवित्र कार्यलाई निरन्तरता दिँदै आएको यस संस्थालाई पुरस्कार अर्पण गर्न पाउँदा मदन पुरस्कार गुठीलाई गौरव लागेको छ। यस संस्थाकी कर्णधार भनौं वा कर्मठ कार्यकर्तृ भनौं, रमा शर्मालै जो पुरस्कार स्वीकार गर्नुभयो त्यसका लागि उहाँलाई धन्यवादसहित बधाई टक्र्याउँछु। नेपाली शिक्षा परिषद्मा सुरु-सुरुमा म पनि स्वयम् सेवक शिक्षक भएर जोडिएको थिएँ। श्री गोपाल पाण्डेले भोग्ने गरेका दिनको साढे छ मिनेट मैले पनि त्यस परिषद्मा लगाएको थिएँ भन्ने सम्झँदा ऐले मलाई गौरवबोध भैरहेछ।

"अतिरिक्त अभिलेख"का सर्जक प्रसिद्ध गीतकार श्री दिनेश अधिकारीलाई हाम्रा परीक्षकहरूले गीतकारभन्दा कविको हैसियतले प्रशंसा गरेर पुरस्कारका लागि सिफारिस गर्नुभएको हो भन्ने मेरो दृढ विश्वास छ। यो ग्रन्थको पृष्ठभूमिमा नितान्त गहिरो एवं अत्यन्त लामो विषयगत अनुभव लुकेको पाइन्छ भन्ने पनि मेरो धारणा छ। दुवै विधामा निपुण एवं सिद्धहस्त हुनुभएका अधिकारीजीको प्रस्तुत ग्रन्थले यसपालि सर्वश्रेष्ठ भएर नेपाली भाषा एवं वाङ्मयको इज्जत बढाएको छ। यस्तो ग्रन्थका प्रणेतालाई सम्मान गर्न पाउँदा हामीलाई हर्षोल्लास भएको छ। गुठीका तर्फबाट म उहाँलाई पनि धन्यवादसहित हार्दिक बधाई टक्र्याउँदछु। काव्यतर्फ 'मदन पुरस्कार' नदिएको धेरै वर्ष भैसकेको थियो। अझ कविता सङ्ग्रह पुरस्कृत नभएको त दस वर्ष भैसकेको रहेछ। त्यो खडेरी तोडिदिएकोमा दिनेशज्यूमा म विशेष धन्यवाद अर्पण गर्छु। दिनेशजीका पितासँग कुनै बेला म एउटै मन्त्रालयमा काम गर्थें भन्ने अहिले थाहा पाउँदा म अझ गौरवान्वित भएको छु। दिनेशजीले आफ्नो पुस्तकमा 'डर' भन्ने एउटा कवितामा लेख्नुभएको छ–

*"मेरो मित्र*
*खै म कसरी तपाईंलाई*
*ठूलो मान्छे हुन सल्लाह दिऊँ?*
*मलाई त मान्छेसँग डराउने मान्छेसित*
*असाध्यै डर लाग्छ"*

म दिनेशजीलाई के भन्छु भने–

*प्रिय मित्र,*
*मलाई पनि मान्छेसँग डराउने मान्छेसित*
*असाध्यै डर लाग्छ;*

*तर म भने अझै सल्लाह दिन्छु:*
*तपाइं ठूलो धेरै ठूलो*
*मान्छे हुनुहोस्:*
*तपाईंको चुलिएको हिमशिखा*
*म सानै भए पनि हेरिरहन पाऊँ !*

हामीले यसपालि आफ्नो वार्षिक चाडको दीक्षान्त भाषणका लागि हाम्रा पूजनीय धर्माधिकार एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त बडागुरुज्यू केशरीराज पाण्डेज्यूलाई निम्त्यायौं । हाम्रो अनुरोधलाई विनाआनाकानी स्वीकार गरेर उहाँबाट जो सारगर्भित भाषण सुन्यौं त्यसवाट हामीले ठीक इज्जत र समयअनुसारको काम गरेछौं भन्ने लागेको छ । संस्कृत विद्यार्थी हाल बडागुरुज्यूसँग मेरो पनि संस्कृतको विद्यार्थीकै वेलाको नाता थियो । उहाँसँग कार्यगत पनि सम्बन्ध भयो पछि संयुक्त राष्ट्र सङ्घ एजेन्सीहरूमा । ऐले उहाँको यो सारगर्भित प्रवचनबाट म अत्यन्त प्रभावित भएको छु। यहाँहरूले पनि सुनिहाल्नुभो। यसपालि, भाषा, साहित्य, काव्य, कविता इत्यादिमा भन्दा साम्स्कृतिक विषयमा बढी जोड परेको छ। मलाई त यो भाषण बहुतै नौलो र रमाइलो लाग्यो। 'मदन पुरस्कार' र 'जगदम्बा-श्री' पुरस्कारको सम्बन्ध जति भाषा-साहित्यसँग छ उत्तिकै समाजशास्त्र, दर्शन, विज्ञान, संस्कृति इत्यादिसँग पनि छ। त्यसैले पनि बडागुरुज्यूको यो भाषण मलाई उपयुक्त लागेको हो । हाम्रो फिनो अनुरोधलाई पनि स्वीकार गरेर यस्तो दह्रिलो भाषण सुन्ने जो मौका बक्स्यो त्यसका लागि गुठीका तर्फबाट लब्धप्रतिष्ठ विद्वान् श्री बडागुरुज्यूमा स-सम्मान हार्दिक धन्यवाद टक्र्याउँदछु ।

यस सिलसिलामा, हाम्रो आफ्नै नयाँ चलनअनुसार यो सभा यति छिटोछरितो एवं चुस्त तरिकाले सञ्चालन गर्न सफल हुनुभएकोमा हाम्रा अनुभवी अध्यक्षज्यूमा पनि यहाँहरू सवैका तर्फबाट धन्यवाद एवं बधाई टक्र्याएँ भने अन्यथा अवश्य हुनेछैन । अध्यक्षज्यूले आफूले लेखेको दुइटा किताप यसपालि पनि हामीहरू यहाँ उपस्थित सवैलाई उपहार गर्नुभएको छ। यो उहाँको परम्परा नै भएको छ। आउने वर्षहरूमा पनि यो परम्परा नटुटोस् भन्ने आग्रहको साथ वर्षैवर्ष यसरी नयाँ-नयाँ कृति जन्माइरहने जाँगर उहाँको नसेलाओस् भन्ने शुभकामना गर्दै अध्यक्षज्यूमा पुन: धन्यवाद चढाउँछु। दसैंको रमाइलो खाउँला-पिउँलाको बेला जहान-परिवार बन्धुबान्धवसित अनन्दपूर्वक बिताइने समयलाई उभारेर यो महासरस्वतीको मन्दिरमा जो पाल्नुभयो त्यसका लागि यहाँहरू सबैलाई फेरि पनि धेरैधेरै धन्यवाद छ।

अन्त्यमा, यो प्राङ्गण उपलब्ध गराइदिने रातो बङ्गला स्कूलका अधिष्ठातृद्वय, यसका ठूला-साना सबै कर्मचारी, यो समारोहको सबै व्यवस्था मिलाउने मदन पुरस्कार गुठीका कार्यालय-सचिव श्री गजेन्द्र रेग्मी र सहयोगी एवं जगदम्बा प्रेसका

व्यवस्थापक श्री दिलीप पौडेल र उहाँका सहकर्मीहरू सबैलाई उहाँहरूको श्रम र देनका लागि गुठी आफूलाई अनुगृहीत सम्झी धन्यवाद दिन्छ।

आजको पुरस्कार-समर्पणमा हात बटाउने गृहिणीद्वय र हाम्रो चमेनाको व्यवस्था मिलाउने घरकी मालिक्नी 'देवीजी'लाई धन्यवाद नटक्र्याए मेरो काम अधुरो नै रहनेछ।

मैले यहाँहरूको धेरै समय लिएँ, बसेको कलिलै पनि परम्परा भनौँ कि के भनौँ, हाम्रा अध्यक्षज्यूले अर्पण गर्नुभएको किताब उपहार यहाँहरू बाहिर जाँदा एक-एक प्रति लिएर जानुभए हामी अनुगृहित हुने थियौँ।

अध्यक्षज्यूका आज्ञाले सभा यहीँ विसर्जन हुन्छ। खाना सेलाउन पनि लाग्यो, साँझले पनि निम्ता पाइसकेजस्तो लाग्यो। अब लागौँ चमेनातिर।

धन्यवाद !

☒ ☒ ☒